



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक ९ | जेठ २०८१ | Year 31 Vol 9 | May/June 2024


## राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतमा देवेन्द्ररमण खनाल नियुक्त

## सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गानाबाट शपथ ग्रहण

**काठमाडौं, ११ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको रिक्त रहेको प्रमुख कार्यकारी अधिकृतमा देवेन्द्ररमण खनाल नियुक्त हुनु भएको छ । बैंक सञ्चालक समितिको मिति २०८१।०२।१० गते बसेको बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २९ को उपदफा २ तथा बैंकको नियमावलीको नियम ३५ को उपनियम ३ को व्यवस्था बमोजिम देवेन्द्ररमण खनाललाई मिति २०८१।०२।११ गते देखि लागू हुने गरी बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा चार वर्षका लागि नियुक्ति गरिएको हो । उहाँले बैंक सञ्चालक समितिका अध्यक्ष दिलिपकुमार ढुङ्गानाबाट एक कार्यक्रमकाबीच पद तथा गोपनीयताको शपथ लिनु भएको छ।

शपथ ग्रहण पछि पदभार ग्रहणको अवसरमा नवनियुक्त प्रमुख कार्यकारी अधिकृत खनालले सरकार, राष्ट्र बैंक तथा बैंकले लिएको नीतिको कार्यन्वयन गरी नागरिकमा गुणस्तरीय सेवा प्रवाह गर्दै सबै सरोकारवालाले पाउने हिस्सामा बृद्धि हुने गरी कार्य गरिने बताउनुभयो । उहाँले आफ्नो व्यवसायिक योजना भित्र रहेर आगामी दिनमा बजेट निर्माण गरी कार्यन्वयन गरिने र सबैको साथ सहयोगको अपेक्षा राखेको बताउनुभयो । चार्टड एकाउन्टेन्ट खनाल यसअघि बैंकको का.मु.प्रमुख कार्यकारी अधिकृत हुनुहुन्थ्यो । २०६४ सालमा चार्टड एकाउन्टेन्टको रुपमा प्रवेश गर्नुभएका खनालले व्यवस्थापनमा स्नातकोत्तर तथा कानूनमा एलएलबी तहको अध्ययन



पूरा गर्नुभएको छ।

यस अघि रिक्त रहेको बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा खुल्ला प्रतिस्पर्धाबाट छनौट गरी नियुक्त गर्नका लागि बैंकले २०८१।०१।०७ गते दरखास्त आवेदन माग गरेको थियो । उक्त आवेदनमा २० जना आवेदकबाट दरखास्त परेको थियो । शैक्षिक योग्यता, कार्य अनुभव र व्यवसायिक कार्ययोजनाको मूल्याङ्कनको आधरमा पाँच जना सर्ट लिष्ट प्रकाशित गरिएको थियो।

कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा नवनियुक्त हुनु भएका खनाललाई बैंक सञ्चालक समिति, व्यवस्थापन समिति तथा बैंकमा क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरु तथा कर्मचारीहरुबाट बधाई तथा शुभकामना ज्ञापन गरिएको छ। उक्त कार्यक्रम कम्पनी सचिव हेमराज खरेलले सञ्चालन गर्नुभएको थियो।

यसैबीच एक अर्को कार्यक्रममा विभागीय प्रमुखहरुको तर्फबाट नवनियुक्त प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाललाई बधाई तथा शुभकामना व्यक्त गरिएको थियो। ■

> **नवनियुक्त प्रमुख कार्यकारी अधिकृत खनालले सरकार, राष्ट्र बैंक तथा बैंकले लिएको नीतिको कार्यन्वयन गरी नागरिकमा गुणस्तरीय सेवा प्रवाह गर्दै सबै सरोकारवालाले पाउने हिस्सामा बृद्धि हुने गरी कार्य गरिने बताउनुभयो।**



# आर.वि.वि.सेक्युरिटीज कम्पनीको प्रथम वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं, २८ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा सञ्चालित सहायक कम्पनी आर.वि.वि. सेक्युरिटीज कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी सरस्वती अधिकारीको अध्यक्षतामा सम्पन्न भएको छ। साधारण सभाले आ.व. २०७९/०८० को कम्पनीको वार्षिक प्रतिवेदन सहितको प्रस्ताबहरु पारित गरेको छ।

साधारण सभामा बैंकका का.मु.प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको ब्रोकर सम्बन्धी सेवालाई ग्रामिण क्षेत्रमा पुऱ्याउनु पर्ने बताउदै ठुलो संख्यामा रहनुभएका बैंकका पूर्व कर्मचारीहरुलाई पनि सेवा दिएर अगाडि बढ्न सकिने बताउनुभयो। सेक्युरिटीजका प्रमुख कार्यकारी अधिकृत बेनी श्रेष्ठले २० करोड रुपैंया चुक्तापुँजी रहेको सेक्युरिटीजले निकट भविष्यमै दोस्रो पुँजीबजारमा ब्रोकर सम्बन्धी कार्य गर्ने बताउनुभयो।

साधारण सभामा आर.वि.वि. सेक्युरिटीज कम्पनीका सञ्चालकहरु निम्बल श्रेष्ठ, गायत्री श्रेष्ठ, राज्य लक्ष्मी खड्गी, बैंकका उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, दुर्गाकुमारी कँडेल, शेयरधनी प्रतिनीधि सोनी श्रेष्ठ, कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनीधि अर्जुन खड्का, महालेखा परीक्षक कार्यालयका प्रतिनीधि लोकनाथ घिमिरे तथा सेक्युरिटीज कम्पनीका कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

# राष्ट्रिय वाणिज्य बैंक लि. र मुद्रण विभाग बीच सम्झौता

**काठमाडौं, ९ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको मुद्रण विभाग बीच मुद्रण विभागका कर्मचारीहरुलाई पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका का.मु.प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र मुद्रण विभागका महनिर्देशक रेखा कँडेलले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौता भएपश्चात मुद्रण विभागमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई विभागको सिफारिसमा अधिकतम पन्ध्र लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ। बैंकले आधार दरमा २ प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ। हाल बैंकको आधार दर ७।३५ प्रतिशत रहेको छ। सम्झौता अनुसार विभागका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ। यस सम्भौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ।

उक्त अवसरमा विभागका बरिष्ठ मुद्रण अधिकृत पद्मराज पाठक, बैंकका विभागीय प्रमुख राज्य लक्ष्मी खड्गी, सिंहदरबार परिसर शाखाका शाखा प्रबन्धक अनिश रायमाझी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

# ग्राहक सेवा सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २४ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकमा कार्यरत कर्मचारीहरुलाई विर्तामोडमा प्रभावकारी ग्राहक सेवा सम्बन्धी तालिम आयोजना गरिएको छ। विर्तामोडमा बैशाख २३ देखि २४ गते सम्म कोशी प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयमा ग्राहक सेवा कक्षमा कार्यरत ४३ जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको छ।

ग्राहक सम्बन्ध व्यवस्थापन, दस्तखत तथा आवश्यक काजगात जाँच, ब्रान्च अपरेशन म्यानुअल, खाता खोल्ने तथा कस्टुमर टाइप म्यापिङ्ग, ट्रस्ट एएमएल तथा कम्प्लायन्स, डिजिटल बैंकिङ्ग तथा मर्चेण्ट बैंकिङ्ग सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो।



# सरकारी कारोबार सम्बन्धी तालिम



**काठमाडौं, ७ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैशाख २३ र २४ गते बैकको लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका सररकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ५६ जना कर्मचारीहरुलाई लक्षित गरी बाँकेको कोहलपुरमा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ।

त्यस्तै बैकको जेठ ६ र ७ गते लुम्बिनी, गण्डकी र बागमती प्रादेशिक कार्यालय अन्तर्गतका सररकारी कारोबार गर्ने शाखा कार्यालयमा कार्यरत सरकारी कारोबार गर्ने ३५ जना कर्मचारीहरुलाई लक्षित गरी पोखरामा सरकारी कारोबार सम्बन्धी तालिम प्रदान गरिएको छ। सरकारी कारोबार गर्ने नीतिगत व्यवस्था, हिसाब मिलान र खाताबन्दी, प्रतिवेदन, विद्युतीय कारोबार(राजश्ज/अन्य), कोष र बैंकबीचको सम्बन्ध, स्थानीय तहको राजश्व कारोबार, सुत्र प्रणाली कारोबार विषयमा प्रशिक्षकहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। बैंकका विभागीय उपप्रमुख, प्रबन्धकहरु कर्मचारीहरुले प्रशिक्षण दिनु भएको थियो। ■



# कर्जा इन्चार्जहरुलाई कर्जा सम्बन्धी तालिम प्रदान



**काठमाडौं, ३ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकमा कार्यरत कर्जा इन्चार्जहरुलाई काठमाडौंमा कर्जा सम्बन्धी तालिम आयोजना गरिएको छ। काठमाडौंमा बैशाख ३१ देखि जेठ ३ गते सम्म बागमती तथा कोशी प्रादेशिक कार्यालय अन्तर्गतका शाखा कार्यालयका ४५ जना कर्जा इन्चार्जहरुलाई तालिम प्रदान गरिएको छ।

कर्जा जोखिम भारित सम्पत्ति सम्बन्धी, उपभोक्ता कर्जा सम्बन्धी, कर्जा लगानी प्रक्रिया तथा वित्तीय विश्लेषण, कर्जाका कानूनी विषय, कृषि कर्जा सम्बन्धी, राष्ट्र बैंकको एकिकृत निर्देशन तथा निरिक्षण, सिआइसी भ्यालीडेसन, गैरकोषमा आधारित व्यवसाय तथा जोखिम विश्लषण सम्बन्धी विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत, विभागीय प्रमुखहरु र प्रादेशिक प्रबन्धक, शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो। ■

# विदेश/तालिम




TrustBiz ले Hanoi, Vietnam मा सञ्चालन गरेको International Training and Study Visit on Leadership and Management for Bank Executives विषयक तालिम कार्यक्रममा मिति 2024 May 12- 17 सम्म तपसिल बमोजिमका बैंकका कर्मचारीहरुले भाग लिनु भएको छ। ■

१. मुख्य प्रबन्धक आनन्द सुवेदी (१११९८)
२. मुख्य प्रबन्धक दिपकराज न्यौपाने (१११७१)
३. मुख्य प्रबन्धक विश्वप्रकाश ज्ञवाली (१११८३)
४. मुख्य प्रबन्धक ऋषिराम ढकाल (१११८७)
५. मुख्य प्रबन्धक ऋषभ भट्टराई (१११७६)
६. बरिष्ठ प्रबन्धक दुश्यन्तराज निरौला (१११८४)

# रा.वा.बैंक प्रवेश समूह २०५७ को वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं, २९ वैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बैंक प्रवेश समूह -२०५७ (जी-५७) को वार्षिक साधारण सभा तथा स्मारिका विमोचन कार्यक्रम ईश्वरी न्यौपानेको अध्यक्षतामा ललितपुरको गोदावरी स्थित एक समारोहका बीच सम्पन्न भएको छ । बैंकका का.मु.प्रमुख कार्यकारी अधिकृत एवं कार्यक्रमका प्रमुख अतिथि देवेन्द्ररमण खनालले कार्यक्रमको उद्‌घाटन गर्दै समूहले आफ्नो २५ वर्ष पुगेको अवसरमा प्रकाशन गरेको अनुभव र अनुभूती नामक स्मारिका विमोचन समेत गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि देवेन्द्ररमण खनालले यो समूहका सदस्यहरु लामो अनुभवले खारिएको हुँदा त्यसको फाइदा बैंक तथा समाजले लिन सक्ने बताउनुभयो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय,




नेपाल वित्तीय संस्था कर्मचारी संघ रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा.बैंकका अध्यक्ष दिपेन्द्र कार्की, समूहका संरक्षक भीमप्रसाद घिमिरे, अनुभव र अनुभूती स्मारिकाका सम्पादक युवराज घिमिरेले मन्तब्य व्यक्त गर्नुभएको थियो । कार्यक्रम समूहका सचिव बालकुमार थापाले सञ्चालन गर्नुभएको थियो । ■

## ब्राञ्च प्रोफाइल

### (आ.व. २०७९।०८० को ख वर्गको उत्कृष्ट शाखा)

### शाखा कार्यालय इटहरी (२५५)




(रु हजारमा)

कुल निक्षेप = रु. २७,७३,१७२।-
कुल कर्जा = रु. १९,२०,४५०।-
कुल मुनाफा = रु. ५५,२७२।-
कुल कर्मचारी संख्या = १४ जना
निष्कृया कर्जा प्रतिशत = ०.२ प्रतिशत
शाखा प्रबन्धक वरुणकुमार कर्ण
शाखा कार्यालयको स्थापना मिति=२०५०।१०।०७
प्रति कर्मचारी: (रु हजारमा)
क.निक्षेप = रु. १,९८,०८४।-
ख.कर्जा = रु. १,३७,१७५।-
ग. नाफा = रु. ३,९४८।-

**सफलताको रहस्य :**

शाखा प्रबन्धकको उत्कृष्ट नेतृत्व, कर्मचारी बीचको समन्वय तथा सहकार्य, नीति नियम तथा परिपत्रहरुको परिपालना, ग्राहकहरुको शाखा प्रतिको विश्वास र शाखाको शीघ्र सेवा प्रवाह ।




## समवेदना

यस बैंकका शा.का. इलामबजारमा कार्यरत बरिष्ठ सहायक महेश घिमिरे (१२९६१) का पिता कृष्णप्रसाद घिमिरे, शा.का.सिरहामा कार्यरत सहायक शाखा प्रबन्धक शक्ति कार्की (१३२९२) का दाजु सुमन कार्की, शा.का.पृथ्वीचोकमा कार्यरत बरिष्ठ सहायक बीना पौडेल (१२२६९) का पिता युवराज पौडेलको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

**प्रकाशक**
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोन: ०१-५७२१२२०, Ext. २४२३
ई-मेल: rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

**प्रमुख सल्लाहकार**
**देवेन्द्ररमण खनाल**
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
**देवेश प्रसाद लोहनी**
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
**ईश्वर उप्रेती**

**डिजाइन**
**राजु तामाङ**